# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सामाजिक सुरक्षा कोषसँग सम्बन्धित सार्वजनिक विवरण

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
ववरमहल, काठमाडौं
२०७७, कार्तिक
www.ssf.gov.np

## आ.ब. २०७६/७७ श्रावण, भाद्र र असोज महिनामा सम्पादन भएका कार्यहरु

**१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा २०७७ श्रावण महिनादेखि  असोज मसान्तसम्म बसेका सञ्चालक समितिका ३ वटा बैठकहरुमा निम्नानुसारका विषयहरुमा छलफल तथा निर्णयहरु भएका छन्:**

क) स्रोत व्यवस्थापन

ख) कोषको आ.व. २०७७/७८ को बार्षिक बजेट

ग) कोषको अस्थायी दरबन्दी स्वीकृत तथा करारका कर्मचारीहरूको करार अवधि नवीकरण

घ) कार्यकारी निर्देशकको कार्य सम्पादन प्रतिवेदन

ङ) रणनीतिक योजना

च) सामाजिक सुरक्षा कोषको स्वास्थ्य सुरक्षा योजनाका लागि स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ को संशोधन

छ) योगदानकर्ताहरूको लकडाउन अवधिको योगदान रकम जम्मा नभएसम्मका लागि सो अवधिमा भुक्तानीयोग्य हुन आएका दावीहरू

ज) उपदान र सञ्चय कोष वापतको रकम

झ) सार्वजनिक निकायमा कार्यरत अस्थायी र करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने र सरकारी कोषवाट पारिश्रमिक पाउने व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने

ञ) सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७५ को दोश्रो कर्मचारी प्रशासन विनियमावली २०७५ बाधा अड्काउ फुकाउने

ट) अनुभवी चाटर्ड एकाउन्टेन्ट माष्टर्स समेत योग्यता भएको विज्ञ सल्लाहकार विशेषज्ञ नियुक्ति गर्ने

ठ) कोषका लागि आवश्यक पर्ने थप प्रशासनिक खर्च व्यहोर्न विद्यमान सामाजिक सुरक्षा ऐन, २०७४ मा  कुनै व्यवस्था नभएकाले समाजिक सुरक्षा कोषको लगानीबाट प्राप्त प्रतिफलबाट खर्च व्यहोर्ने गरी ऐनमा आवश्यक संशोधन

ड) आ.व. २०७६/७७ मा अर्थ मन्त्रालयबाट ५ करोड ऋणस्वरुप प्राप्त रकममध्ये अनिवार्य दायित्वअन्तर्गत खर्च भई बाँकी रहेको रकमबाट यस आ.व. २०७७/०७८ मा अनिवार्य दायित्वअन्तर्गत खर्च गर्ने

## २. सामाजिक सुरक्षा कोष सामान्य प्रशासन तथा मानव संसाधन व्यवस्थापन महाशाखाद्वारा सम्पन्न त्रैमासिक कार्य विवरण

- कोषमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङकन सम्बन्धि कार्य
- कोषको लागि आवश्यक सरसामान तथा उपकरणहरुको खरिद कार्य
- कोषमा रहेका उपकरणहरुको मर्मत सम्भार सम्बन्धि कार्य
- कोषको लागि आवश्यक सवारी साधन खरिदको लागि टेन्डर आव्हान
- मन्त्रालयबाट माग भएबमोजिम कोषका कर्मचारीहरुलाई holding center मा खटाउने कार्य
- कोषको स्वीकृत बार्षिक बजेट बमोजिम खरिद योजनाको तयारी
- कोषको नियमित प्रशासनिक कार्य ।

## ३. लगानी विवरण

| महिना | सामाजिक सुरक्षा कोषले गरेको थप लगानी |
|---|---|
| श्रावण | २४५३०५५१०६ |
| भाद्र | १५८५८३०००० |
| असोज | १४४७२६६८०२ |
| जम्मा | ५४८६१५१९०८ |